# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व ऐन, २०७६**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १. | ६ | | | | **मूल ऐनको** दफा ६(३) को व्यस्वस्था: "(३) उपदफा (१) बमोजिम योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा **सोबाट प्राप्त हुन सक्ने प्रतिफल** समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ।" | "सोबाट प्राप्त हुन सक्ने प्रतिफल" भन्ने शब्दहरुको अघि "प्रत्यक क्रियाकालापको अनुमानित Return on Investment" भन्ने शब्दहरु थप गरिने। | लगानीको प्रतिफललाई समेत ध्यान दिएर बजेट तर्जुमा गर्नुपर्ने देखिएकाले |
| २. | ८ | | | | दफा १० को उपदफा ३ को सट्टा देहाएको उपदफा ३ राखिएको :"(३) यस दफा बमोजिम बजट विनियोजन गर्दा मुलुकको आर्थिक स्तिथि र खर्च गर्न सक्ने क्षमता समेतको आधारमाप्रस्ताव भएको बजेट तथा कार्यक्रम कुनै थपघट तथा परिमार्जन गरि अन्तिम रुप दिनुपर्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा कुनै थपघट तथा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्नेछ। " | थप: मूल ऐनको दफा १० को उपदफा (१) को (घ)को सट्टा देहाएको उपदफा (१)(घ) राखिने:<br>"(घ) आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि र Return on Investment प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका, र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नु पर्ने। यो गर्ने क्रममा हरेक कार्यक्रमको प्रतिफल र Return on Investment को दस्तावेजीकरण हुनुपर्छ," | लगानीको प्रतिफललाई समेत ध्यान दिएर बजेट विनियोजन गर्नुपर्ने देखिएकाले<br>हरेक budget item को Return on Investment को data माग्नुस र दस्तावेजिकरण गर्नुस।<br>यो Return on Investment का आधारमा अर्को वर्षको बजेट निर्धारण हुनुपर्छ |
| ३. | ९ | | | | दफा थप मूल ऐनको दफा ९ मा उपदफा (८) थप: | दफा थप मूल ऐनको दफा ९ मा उपदफा (८) थप: "कुनै पनि मन्त्रालयले आफूले प्रस्ताव गरेको कार्यक्रम र तोकिएको बजेट मन्त्रालयको सहमति बिना अर्थ मन्त्रालयले आफू खुशी वा तजबिजी कार्यक्रम थप्ने, कार्यक्रम फिर्ता गर्ने, रकम घटबढ गर्ने वा उद्देश्य परिमार्जित गर्ने कुनै पनि कार्य गर्न पाउने छैन।" | अर्थ मन्त्रालयले विशेष मन्त्रालयको रुपमा रही अन्य मन्त्रालयको सोच, कार्यक्रम माथि हस्तक्षेप नहुने कुराको सुनिश्चित गर्न |
| ४. | १० | २ | | | मूल ऐन को दफा २० मा संसोधन:<br>(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-<br>“(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएको वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा **सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले** कार्यक्रम संशोधन गर्न सक्नेछ।" | दफा १०को उपदफा २ को सट्टा देहाएको उपदफा २ राखिने:<br>"(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-<br>“(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएको वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा **सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयलाई जानकारी गराई** कार्यक्रम संशोधन गर्न सक्नेछ।" | अर्थ मन्त्रालयले कार्यक्रमको औचित्यभन्दा पनि कार्यक्रमको आर्थिक उपयुक्तता र सम्भाव्यता हेर्नुपर्ने र अरु मन्त्रालयको कार्यक्रम संसोधन गर्ने भन्दा त्यो कार्यक्रम अरु मन्त्रालयको क्षमता भएकाले उनैको हातमा छोड्नुपर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ५६. | | | | मूल ऐनको दफा ५६:<br>**<u>सार्वजनिक गर्नुपर्ने</u>** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ। | मूल ऐन दफा ५६ पछि देहाएको उपदफा थप गरिने:<br>**<u>५६क बजेट सार्वजनिक गरिनुपर्ने:</u>** दफा १४ बमोजिम राजस्व र व्ययको अनुमान सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेश भए पश्चात् लगतै प्रत्यक मन्त्रालयलाई विनियोजन भएको बजेट spreadsheet format मा सावर्जनिक गरिने छ। | यसरी सजिलै विश्लेषण गर्न सकिने माध्यमबाट बजेट सार्वजनिक हुँदा जनताले थप जवाफदेहि बनाउन सक्नेछ |
| ६ | ११. | | | | मूल ऐनको दफा ११ को उपदफा (४) मा संसोधन:<br>(४) अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि सङ्घीय संसदमा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा फागुन महिनाको सात गतेभित्र सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ। | "विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श" भन्ने शब्दहरुको पछि "र सो छलफल सार्वजनिक गरि जनताका सुझाव पनि लिने व्यवस्था गरिने छ" भन्ने शब्दहरु थप गरिने। | थप जवाफदेहिताका लागि जनताले बजेट सम्बन्धी विश्लेषण गरी सुझाव दिन सक्ने व्यवस्था पनि हुनुपर्छ। बजेट पास हुनु अघि पनि बजेटको मस्यौदा सुझावका लागि सार्वजनिक गर्न सकिनेछ। |
| ७ | ११ | | | | मूल ऐनको दफा ११ मा उपदफा (५) थप: | मूल ऐनको दफा ११ मा उपदफा (५) थप:"बजेट पास हुनु अघि पनि बजेटको मस्यौदा सुझावका लागि सार्वजनिक गर्न सकिनेछ।" | जनताको सुझाव बजेट बन्ने प्रक्रियामा पनि लिन सकिने बनाउन |
| ८ | १९ | | | | मूल ऐनको दफा १९ मा उपदफा थप (८) थप: | मूल ऐनको दफा १९ मा उपदफा थप (८) थप: "श्रावन २५ गते भित्र मन्त्रालयले कार्यक्रम कार्यान्वयन पुस्तिका पास गरिसक्नुपर्नेछ । अनुसूची १ को ढाँचामा कार्यक्रम कार्यान्वयन पुस्तिका बनाउनु पर्नेछ । पुस्तिका मन्त्रालयबाट पारित भैसकेपछि सरकारी निकायको वेबसाइट मार्फत सार्वजनिक हुनुपर्नेछ। हरेक मन्त्रालयले आफ्नो बजेट बनाउँदा नीति तथा कार्यक्रम अनुरुप बजेट र बजेट अनुरुप बजेट लाईनको स्पष्ट सम्बन्ध देखिने गरी प्रकाशन गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन बारे नियमित मासिक वा चौमासिक रुपमा प्रगति विवरण मापन गर्ने र सो को ढाँचा पनि अनुसूची १ बमोजिम हुनेछ।" | कार्यक्रमको जिम्मेवार व्यक्ति को हो, कुन समयसीमा भित्र काम हुन्छ, कार्यक्रमको प्रगति बारे पार्रदर्शी ढङ्गले योजना बनाउन सहयोग पुर्याउन सकिने भएकाले र कुन नीति तथा कार्यक्रम अन्तर्गत कस्तो बजेट आएको छ र कति रकम विनियोजन गरिएको छ भन्ने स्पष्ट जानकारीका लागि |
| ९ | २३ | | | | मूल ऐनको दफा २३ मा उपदफा (८) थप: | मूल ऐनको दफा २३ मा उपदफा (८) थप: "(८) कार्यक्रम कार्यान्वयन बारे नियमित मासिक वा चौमासिक रुपमा प्रगति विवरण मापन गर्ने र सो को ढाँचा पनि अनुसूची १ बमोजिम हुनेछ।" | जवाफदेहिता सुनिश्चित गर्न |

(१) नाम, थर सुमना श्रेष्ठ   दस्तखत:   क्र. स.: २५२   मिति २०८१ - ०५ - १५